मिक्वाखोला गाउँपालिकाको बजेट विनियोजन, २०७४

आ.व. २०७४\७५

माननीय सभाध्यक्ष महोदय,

संघीयता कार्यान्वयनको क्रममा मिक्वाखोला गाउँपालिकाको संरचना तयार भएसँगै मिक्वाखोला गाउँपालिका ऐतिहासिकता बोकेको स्थानीय तहको रुपमा रहि आएको छ । हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ, र हाम्रो भविष्य उज्वल र सम्भावनायुक्त छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन् । अहिले हामी संविधानको सर्वस्वीकार्यता बढाउँदै कार्यान्वयनको चरणमा छौं । यो काम जटिल र चुनौतिपूर्ण अवश्य छ, तर यसलाई नयाँ स्थानीय तह निर्माणको ऐतिहासिक तर्कपूर्ण र सहमति एवं सहकार्यको माध्यमबाट हामीले ठूला ठूला समस्याहरुको समाधान निकाल्दै आएका छौं ।

आज असोज २ गते, मिक्वाखोला गाउँपालिकाले जनप्रतिनिधीबिहीन अवस्थाको अवसरको रुपमा  लिएर अगाडी बढ्नुको कुनै विकल्प छैन । बेलाबेलामा स्वभाविक अन्तरद्वन्द्धमा रुमलिए पनि चरण पुरा गरेपश्चात  बसेको गाउँ सभाको पहिलो गरिमामय बैठकको दिन, म मिक्वाखोला गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्ली अर्पण गर्दछु । साथै, घाइते र बेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

राजनीतिक क्षेत्रमा हामीले ऐतिहासिक फड्को मारेका छौं । संविधान घोषणा भई कार्यान्वयनमा आएपछि लामो समयको संक्रमणकालको अन्त्य भई मुलुक राजनीतिक स्थिरतातर्फ उन्मुख भएको छ । स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । राजनीतिक प्रणालीप्रति नागरिकको भरोसा पुनर्स्थापित भएको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीब्र आर्थिक विकास नै हो । आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्न  स्वस्थ प्रतिस्पर्धात्मक अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो ।

यसैगरी चौधौं योजनाले परिलक्षित गरेका उद्देश्यहरु तथा दिगो विकासका लक्ष्यहरु हासिल गरी सन् २०३० सम्म नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने, चालु आर्थिक वर्षमा हासिल भएको आर्थिक वृद्धिदरलाई मानक मानी दिगो बनाउने र कार्यान्वयनमा रहेका आयोजना/कार्यक्रमलसई तीब्रताका साथ सम्पन्न गर्ने राष्ट्रिय नीतिलाई मिक्वाखोला गाउँपालिकामा कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

नेपाल सरकारबाट वित्तीय समानिकरण मार्फत हस्तातन्तरण भई आएको रकमको ३,०१,८७,०००।०० (अक्षरुपी तीन करोड एक लाख सतासी हजार रुपैयाँ चालू खर्च तर्फ विनियोजन गरेको छु ।

नेपाल सरकारबाट यस मिक्वाखोला गाउँपालिकामा सशर्त अनुदान वापत हस्तान्तरण भई आएको रकम रु.५,४७,४६,०००।०० (पाँच करोड सत्चालिस लाख छयालिस हजार रुपैयाँ) सोही बमोजिम खर्च हुने गरी विनियोजन गरेको छु ।

यसैगरी आवश्यकताको सिद्दान्तलाई मध्यनजर गर्दै प्राथमिकता प्राप्त शीर्षकहरुमा वित्तीय समानीकरणबाट हस्तान्तरण भई आएको रकम, मिक्वाखोला गाउँपालिकाको आन्तरिक स्रोत र गत आर्थिक वर्षबाट हस्तान्तरण भई रकम समेत गरी कुल ९,६६,१६,०००।०० (अक्षरुपी नौ करोड छैसठ्ठी लाख सोह्र हजार रुपैयाँ) विनियोजन गरेको छु ।

पूँजीगत खर्च तर्फ

| | |
|---|---|
| लिवाङ-साँवा-पापुङ सडक (नयाँ ट्र्याक) | २,००,००,००० (दुई करोड रुपैया) |
| वडा कार्यालयहरु | २,४०,००,०००(दुई करोड चालिस रुपैयाँ) |
| पशुपंक्षी विकास मन्त्रालय | २१,५३,६७० (एक्काइस लाख त्रिपन्न लाख छ सय सत्तरी) |
| महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | ५,३९,००० (पाँच लाख उन्चालिस हजार) |
| खानेपानी तथा सरसफाई मन्त्रालय | २८,०६,००० (अठ्ठाइस लाख छ हजार) |
| लिवाङ प्रहरी चौकी | १,००,००० (एक लाख) |
| वन तथा भू-संरक्षण मन्त्रालय | ९,१५,००० (नौ लाख पन्ध्र हजार) |
| कृषि विकास मन्त्रालय | ४९,२०,००० (उनन्चास लाख बीस हजार) |
| आकस्मिक कोष | २०,००,००० (बीस लाख) |
| समपुरक कोष | ३०००००० (तीस लाख) |
| आपत्कालीन उद्धार कोष | ५००००० (पाँच लाख) |

| | |
|---|---|
| मेसीनरी औजार | ६०८३००० (साठी लाख त्रियासी हजार) |
| योजना व्यवस्थापन खर्च | २३४०००० (तेइस लाख चालिस हजार) |
| सवारी साधन | ३०००००० (तीस लाख) |
| हान्द्रुङ पहरा कटान | ३३००००० (तेत्तीस लाख) |
| हान्द्रुङ पहरा देखि शान्ति चौक सम्म मर्मत | २५००००० (पच्चीस लाख) |
| सूचना प्रविधि पूर्वाधार (इन्टरनेट सेवा) | १५००००० (पन्ध्र लाख) |
| दुरसञ्चार टावर (स्काई नमस्ते) विद्युत सेवा | ५००००० (पाँच लाख) |
| छात्रवृत्ति कोष | १००००० (एक लाख) |
| हान्द्रुङ प्रा.वि. खेलमैदान निर्माण | १००००० (एक लाख) |
| हान्द्रुङ बजारदेखि पहरोसम्म सडक | १००००० (एक लाख) |
| डाडाँगाउँ महिला भवन निर्माण | ५००००० (पाँच लाख) |
| मोति मा.वि. बातथला मोटरबाटो | ४००००० (चार लाख) |
| ओत्रोकमा भिरगाउँ बाटो मर्मत | १५०००० (एक लाख पचास हजार) |
| बालबालिका फिल्टर, तौल उचाई नाप्ने यन्त्र, लिवाङ | १००००० (एक लाख) |
| दन्त परीक्षण लिवाङ | ५०००० (पचास हजार) |
| पञ्चेश्वरी मा.वि. चार कोठे भवन प्लाष्टर | ५००००० (पचास हजार) |
| पञ्चेश्वरी मा.वि. फर्निचर | ५०००० (पचास हजार) |
| शेर्पा प्रा.वि. फर्निचर | ५०००० (पचास हजार) |

| | |
|---|---|
| जनमुखी प्रा.वि. वाल निर्माण | ५०००० (पचास हजार) |
| विद्यालय खेलकूद सामाग्री (लिवाङ) | ५०००० (पचास हजार) |
| महिला सिलाई बुनाई तालिम (लिवाङ साविक ३-९) | १००००० (एक लाख) |
| बाखा र बंगुर पालन (लिवाङ साविक १-२) | ७८००० (अठहत्तर हजार) |
| महिला स्वयंसेविका प्रोत्साहन भत्ता, लिवाङ | ५९००० (उन्साठी हजार) |
| स्वास्थ्य चौकी लिवाङ फ्रिज | ५०००० (पचास हजार) |
| दलित प्रोत्साहन भत्ता, लिवाङ | १०००० (दश हजार) |
| अपाङ्गताको लागि आईटी तालिम, लिवाङ | ४०००० (चालिस हजार) |
| माङेनक संरक्षण साविक लिवाङ ८ | १००००० (एक लाख) |
| ईसाई समाज भवन मर्मत लिवाङ ५ | ३५००० (पैतिस हजार) |
| मुल सडक देखि पञ्चेश्वरी आउने शाखा बाटो निर्माण | ५००००० (पाँच लाख) |
| देङ्मा पुलदेखि साविक लिवाङ ९ सम्म जाने बाटो | ३५०००० (तीन लाख पचास हजार) |
| देङ्मा पुलदेखि साविक लिवाङ २ सम्म जाने बाटो | ५०००० (पचास हजार) |
| लिवाङ हाँडिखोला ल.ज.वि. ईन्टेक पाईप खरिद | ५०००० (पचास हजार) |
| सौन्दर्य समाजसेवी युवा क्लब खेलकूद सञ्चालन | ५०००० (पचास हजार) |
| रेडियो तमोर सञ्चार सम्झौता, लिवाङबाट | १०००० (दश हजार) |
| लिवाङ स्वास्थ्य चौकी औषधि ढुवानी | ४०००० (चालिस हजार) |
| पहिरो अभिमुखिकरण तालिम, लिवाङ | १६०००० (एक लाख साठी हजार) |

| | |
|---|---|
| रेबिज भ्याक्सिन शिविर तथा परिजीवि नियन्त्रण | १००००० (एक लाख) |
| सेलसेले पुल RCC पुल निर्माण | ४००००० (चार लाख) |
| खानेपानी मुहान मुआब्जा लिवाङ ताखोक देविथान | ५०००० (पचास हजार) |
| लिवाङ साविक ७-८ जोड्ने लुतेखोला RCC पुल | ५५०००० (पाँच लाख पचास हजार) |
| प्रसुति सामाग्री खरिद, लिवाङ | १६८००० (एक लाख अठसट्ठी हजार) |
| तारतुङ विद्युत तार ढुवानी | १००००० (एक लाख) |
| पापुङ तोप्केगोला बाटो मर्मत | १००००० (एक लाख) |
| तिलजुङ बालविकास केन्द्र (टहरा निर्माण-१५००००, पाठ्य सामाग्री खरिद-३००००, तलब १२००००) | ३००००० (तीन लाख) |
| केन्द्रीय प्रसारण लाईन सर्भे (पापुङ) | १५०००० (एक लाख पचास हजार) |
| निशुल्क आँखा शिविर (पापुङ) | १००००० (एक लाख) |
| महिला भवन निर्माण सगरमाथा खोक्लिङ | १३००००० (एक लाख तीस हजार) |
| सिमलचौक देखि धुसेनीसम्म बाटो मर्मत | ६००००० (छ लाख) |
| थुकिमा संक्रान्ति लप्सीबोटे मोटरबाटो | १०००००० (दश लाख) |
| गोधुमा ल.ज.वि. मर्मत | ५००००० (पाँच लाख) |
| बाह्रमासे खानेपानी मर्मत | १५०००० (एक लाख पचास हजार) |
| साविक ४ नं. सिचाई योजना | ३००००० (तीन लाख) |
| तुङफुङ्वा मन्दिर मर्मत | ५०००० (पचास हजार) |

| | |
|---|---|
| चिसोपानी लिम्बुगाउँ खा.पा. योजना | ५५०००० (पाँच लाख पचास हजार) |
| फूङफूङ्गे प्रा.वि. खानेपानी | ५०००० (पचास हजार) |
| थुङलुङ ल.ज.बि. मर्मत | १००००० (एक लाख) |
| चिसापानी थुङलुङ भोटेगाउँ खानेपानी मर्मत | १००००० (एक लाख) |
| चुच्चेढुङ्गा भिरबाटो रेलिङ्ग तथा सुधार | १५००००(एक लाख पचास हजार) |
| खेन्जुवा खा.पा. योजना | १५०००० (एक लाख पचास हजार) |
| सिंहेश्वरी प्रा.वि. खानेपानी | ५०००० (पचास हजार) |
| थुङलुङ माङहिम निर्माण | १००००० (एक लाख) |
| साविक ९ नं. खानेपानी मर्मत | १५०००० (एक लाख पचास) |
| फर्निचर एण्ड फिक्चर्स | २८,८०,००० (अठ्ठाइस लाख असी हजार) |
| दिवस समारोह आयोजना | ५३७३३० (पाँच लाख सैत्तिस तीन सय तीस) |
| पूँजीगत सुधार | १५४२००० (पन्ध्र लाख बयालिस हजार) |
| फूङफूङ्गे देविस्थान पर्यटन पूर्वाधार विकास | ३००००० (तीन लाख |
| | ९६६१६००० (नौ करोड छैसठ्ठी लाख सोह्र हजार) |
| वातावरण संरक्षण तथा विकास मञ्च | १४६३.३६२ (चौध लाख त्रिसठ्ठी हजार तीन सय बैसठ्ठी) |

समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन ।वर्तमान वस्तुगत यथार्त धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

धन्यवाद !